# बित्थडचिर गाउँपालिका
## (Bitthadchir Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of the Rural Municipal Executive)

9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.com
Website:www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पस:२०८३।०८४
च.न. ६०६

बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउलेख, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः२०८३।०६।२६
नेपाल संवत् ११४६ कौलाथ्व, द्वितीया-२

विषयः शिक्षक वरिष्ठता एवम् निमित्त प्रधानाध्यापक व्यवस्थापन सम्बन्धमा।

सम्पूर्ण सामुदायिक विद्यालयहरु
बित्थडचिर गाउँपालिका, बझाङ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयहरुमा निमित्त प्रधानाध्यापक व्यवस्थापन गर्ने प्रयोजनको लागि द्विविधात्मक कामकारवाही भइरहेको र सो कार्यले विद्यालयमा असहज वातावरण सिर्जना गरी शैक्षिक सुशासनमा असर पार्ने हुँदा नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, विद्यालय शिक्षक व्यवस्थापन शाखा सानोठिमी भक्तपुरबाट शिक्षा मन्त्रालयको मितिः२०७३।०९।१८ को (माननीय मन्त्रीस्तरीय) निर्णयअनुसार देहायबमोजिम प्रधानाध्यापक र शिक्षकहरुको वरिष्ठता कायम गरी सोही बमोजिम निमित्त प्रअ भइ कार्य गर्न सक्ने गरि परिपत्र गरीएको र शिक्षा नियमावली २०५९ नियम ९३ (१२)मा सोहि विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्ने व्यवस्था अनुरुप देहायबमोजिम शिक्षक वरिष्ठता कायम गरिएको व्यहोरा जानकारी गरिन्छ।

<u>शिक्षक वरिष्ठताः</u>

क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।
ख) खण्ड(क) बाट जेष्ठता नछुट्टिए सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।
ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता।
घ) खण्ड (क) , (ख) र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड (क) को प्रावधानमा सिफारिसको (योग्यताक्रम) यदि खुला कार्यक्षमता मुल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता मुल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुला सिफारिसको आधारमा वरिष्ठता कायम गरिएको।
ङ) त्यसै गरी शिक्षा विभागबाट मितिः२०७५।०२।१५ मा शिक्षा विकास तथा समन्वय एकाइ बाग्लुङलाई शिक्षक वरिष्ठता सम्बन्धमा स्थायी शिक्षकको वरिष्ठता पश्चात मात्र अस्थायी/करार शिक्षकको तह र श्रेणीको नियुक्ति मितिको आधारमा वरिष्ठताकायम हुने भएकोले सोही बमोजिम निमित्त प्रधानाध्यापक व्यवस्थापन गर्न /गराउन जानकारी गरिन्छ।

नरबहादुर ठकुरी २०८३/०६/२६
शिक्षा अधिकृत



CamScanner